Vol. 10, No. 1, 2024 (March) 74-79
**The Journal of Knowledge and Innovation**
ISSN 2350-8884 (Print)

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# गौरी खण्डकाव्यमा करुण रस

**ठाकुरप्रसाद पोखरेल**
नेपाली विभाग, नेपाली मेची बहुमुखी क्याम्पस, भद्रपुर

Email: tppokhrel6@gmail.com

## लेखसार

गौरी खण्डकाव्यमा करुण रस शीर्षकको लेखमा गौरी खण्डकाव्यको रस सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । रसका विभिन्न प्रकारहरू मध्ये करुण रसका आधारमा यो काव्यको सिर्जना भएको पाइन्छ । काव्यमा तरुण अवस्थामै पत्नीको निधनबाट मर्माहत बनेका समाख्याताले वियोगको पीडा व्यक्त गरेका छन् । गौरी शिशु अवस्थाका छोरीलाई छाडेर मृत्यु वरण गरेपछि आफू विधुर बनेको कारुणिक वेदना प्रस्तुत भएको छ । प्रस्तुत काव्यमा सुरुदेखि अन्त्यसम्म शोकभावको सशक्त रूप रहेको पाइन्छ । खण्काव्य विश्लेषणका क्रममा यो लेख पूर्वीय रससिद्धान्तअन्तर्गत करुण रसमा केन्द्रित रहेको उल्लेख गरिएको छ । यहाँ सुन्दर पारिवारिक जीवनमा वियोगको वज्रपातबाट प्रताडित अवस्था मुख्य रूपमा रहेको छ । वियोगमा परेपछि प्रत्येक समय सम्झनाले सताइरहने गर्दाको पीडासँगै छोरीहरूले गरेको आमाको खोजीबाट समाख्याताको हृदय अझ व्यथित बनेको छ । “गौरी खण्डकाव्यमा करुण रस” लाई मुख्य समस्याका रूपामा लिएर गुणत्मक पद्धतिमा केन्द्रित रही लेख पूरा गरिएको छ । यहाँ विषय—परिचय, अध्ययनको विधि, विश्लेषणको सैद्धान्तिक आधार, गौरी खण्डकाव्यको विश्लेषणजस्ता उपशीर्षका माध्ययमबाट विश्लेषण गरी काव्य शोकभावयुक्त रहेको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी:**
वियोग, शोक, सञ्चारीभाव, समाख्याता, स्थायीभाव

**Article information**
Manuscript received: July 19, 2023; Revision received: October 13, 2023; Accepted: December 5, 2024
DOI https://doi.org/10.3126/jki.v10i1.55477
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

काव्यमा माधवप्रसाद घिमिरेले पात्रका वियोगजन्य अवस्थाको वर्णन गरेका छन् । उनले किशोरावस्थाबाटै कविता रचना गर्दै लगभग आठ दशकसम्म सिर्जनालाई निरन्तरता दिएका छन् । उनको कवितायात्रा ज्ञानपुष्प (१९९२) शीर्षकको कविता गोरखापत्रमा प्रकाशित भएपछि आरम्भ भएको हो । घिमिरेका नवमञ्जरी (१९९४) स्वदेशगीत (१९९५), र राष्ट्रिय झन्डा (२००४)जस्ता शास्त्रीय र लोकलयात्मक दर्जनौं कविताहरू प्रकाशित भएका छन् । उनका पापिनी आमा (२०१३), गौरी (२०१५) राजेश्वरी (२०१७) राष्ट्रनिर्माता (२०२३) धर्तीमाता (२०३०) आदि खण्डकाव्यहरू प्रकाशित छन् । उनी प्राकृतिक सुन्दरता, भौगोलिक अखण्डता, वियोग, विछोड, विरह–व्यथालाई प्रस्तुत गर्दछन् । नेपाली खण्डकाव्य परम्परामा प्रकाशित भएको गौरी करुण रसयुक्त कृतिका रूपमा रहेको छ । उनको अर्को महŒवपूर्ण खण्डकाव्य राजेश्वरी रणबहादुर शाहकी धर्मपत्नी राजेश्वरीलाई पतिको मृत्युमा सती जान बाध्य तुल्याइएको घटनामा आधारित छ । राजाका अन्य रानी र भारदारहरूको स्वार्थपूर्ण षड्यन्त्रले गर्दा राजेश्वरीलाई सती पठाइएको ऐतिहासिक प्रसङ्गमा केन्द्रित काव्यभित्र करुण रस मुख्य रूपमा रहेको छ । यहाँ करुण रसका आधारमा गौरी खण्डकाव्यको विवेचना गरिएको छ ।

प्रस्तुत लेखसँग सम्बन्धित केही पूर्वकार्यहरू भइसकेका छन् । वासुदेव त्रिपाठीले सिंहावलोकन (२०२७)मा गौरी खण्डकाव्यमा करुण रसको उत्कर्षता पाइन्छ भनी उल्लेख गरेका छन् । उनले घिमिरेको सिर्जनालाई कालजयी भनेर चर्चा गरेका छन् (पृ.१९५) । यसै गरी राममणि रिसालले नेपाली काव्य र कवि (२०४५) मा घिमिरेको गौरी काव्यमा आँसुको प्रवाह रहेको चर्चा गर्दै सफल शोककाव्य हो भनेका छन् (पृ.२७४) । भानुभक्त पोखरेलले काव्यसमालोचना (२०५२) मा गौरी खण्डकाव्य प्रेमको कारुणिक विह्वलतामा आधारित छ भनी उल्लेख गरेका छन् (पृ.६७९) । यसरी गौरी खण्डकाव्यलाई करुण रसमा आधारित छ भनी उल्लेख गरिएको पाइन्छ । यी पूर्वकार्यका आधारमा यस काव्यमा

करुण रसको अध्ययनका लागि रिक्तता रहेको पुष्टि हुन्छ । प्रस्तुत काव्यमा करुण रसको प्रयोग भएको “गौरी खण्डकाव्यमा करुण रस” यस लेखको मुख्य समस्या हो । काव्य विश्लेषणका लागि निम्नलिखित शोध्यप्रश्नलाई आधार बनाइएको छ । यस लेखमा मुख्य समस्याको समाधान काव्यभित्र कारुणिक अवस्थामा रहेको वैयक्तिक र पारिवारिक प्रसङ्गको विश्लेषणकाआधारमा भएको छ । उपर्युक्त शोधसमस्या र शोध्यप्रश्नको प्राज्ञिक समाधान खोज्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखको शोधसमस्यासँग सम्बन्धित सामग्रीहरूको सङ्कलन पुस्तकालयबाट विषयगत विधिमा रहेर गरिएको छ । यसमा प्राथमिक र द्वितीयक गरी दुई प्रकारका सामग्रीहरू उपयोग भएका छन् । विश्लेष्य कृति गौरी खण्डकाव्यलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ भने उक्त खण्डकाव्यसँग सम्बन्धित विभिन्न समालोचकका समालोचना र रससिद्धान्तसम्बन्धी पुस्तक, पत्र–पत्रिकाहरू द्वितीयक सामग्रीका रूपमा प्रयोग भएका छन् । यिनै दुई किसिमका सामग्रीहरूको गुणात्मक पद्धतिका आधारमा यो लेख पूरा गरिएको छ । यो लेखमा करुण रसलाई अवधारणा बनाएर आलम्बनले भोगेको अवस्थालाई सूचक बनाइएको छ ।

## सैद्धान्तिक आधार

करुण रसका आधारमा गौरी खण्डकाव्यको विश्लेषण गरिएको छ । आफन्त, माया लाग्दो व्यक्ति, वस्तु आदिबाट वियोग भएर उत्पन्न मानसिक आघात वा पीडा बोध हुँदा उत्पन्न हुने रसलाई करुण रस भनी उल्लेख गरिएको छ । शृङ्गार रसको एउटा भेद विप्रलम्भ शृङ्गार पनि आफन्त, मनपरेका वस्तुको वियोगसँग सम्बन्धित हुन्छ । यी दुवैको अवस्था उस्तै भएकाले साम्य देखिए पनि विप्रलम्भमा आफूबाट टाढा भएको प्रेमी, आफन्त, वस्तुसँग कुनै दिन भेट हुने आशा रहन्छ भने करुण रसमा पुनर्मिलनको सम्भावना समाप्त हुने भएकाले यी दुईमा समानताभन्दा असमानता केही बढी रहेको पाइन्छ ।

करुण रस पूर्वीय रससिद्धान्तमध्ये एउटा महत्त्वपूर्ण सिद्धान्त हो । रस शब्दका धेरै अर्थहरू रहेकाछन्–पदार्थको रस, आयुर्वेदको द्रवत्व बुझाउने अर्थ भएको रस, मोक्ष गराउने वा भक्ति रस र त्यसैसँग मिल्दोजुल्दो भावात्मक आनन्द प्रदान गर्ने साहित्यको रस हो भनिएको पाइन्छ (नगेन्द्र, सन् १९७४, पृ. १) । साहित्यको रस काव्यसौन्दर्य, काव्यस्वाद, काव्यानन्दका रूपमा प्रयोग हुन्छ । यो शब्दको प्रयोग ऋग्वेदमा यजमानले देवतालाई खुसी तुल्याउन हव्य रूपी रस दिन्छन् भनेर हव्यका अर्थमा उल्लेख भएको पाइन्छ । यसैगरी अथर्ववेदमा पनि ‘स्वयम्भू रसते तृप्ते’ भनेर ब्रह्म रसद्वारा तृप्त हुन्छन् भनिएको छ । तैतिरियोपनिषद्, कठोपनिषद्मा ब्रह्म र तन्मात्राको वर्णनका क्रममा रस शब्दको प्रयोग भएको पाइन्छ (नगेन्द्र, सन्१९७४, पृ.५) । श्रीमद्भागवत महापुराणमा ‘पिवत भागवतम् रसमालयमं मुहुरहो रसिका भुविभावुकाः’ भनेर भक्तिरसकै बारेमा उल्लेख भएको छ । वास्तविक साहित्य रसको व्याख्या, विश्लेषण चाहिँ सर्वप्रथम भरतमुनिबाट नाट्यशास्त्रको चर्चा गर्नेक्रममा भएको पाइन्छ । त्यहाँ उनले विभाव, अनुभाव र व्यभिचारी भावद्वारा स्थायी भाव निष्पन्न हुन्छ भनी रस–सिद्धान्तको स्थापना गरेका छन् (भरत नाट्यशास्त्र, २०७७, पृ.१३३) । यसरी रस शब्दको प्रयोग ऋग्वेददेखि नै भएको पाइए पनि ब्रह्म तत्त्वका रूपमा मात्र केन्द्रित छ । वैदिक र उपनिषद् कालपछिको लौकिक संस्कृत कालमा आएर साहित्यरसका शृङ्गार, करुण आदि रूपहरूको सङ्केतमात्र गरिएको पाइन्छ भने भरतको आगमनबाट मात्र रसको वास्तविक व्याख्या, विश्लेषण भएको छ । उनले नाट्यशास्त्रमा रस आवश्यक वस्तुका रूपमा लिएका छन् । यसको समग्र साहित्यमा प्रयोग हुदै आएको पाइन्छ । भरतले विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रस उत्पन्न हुन्छ भनेका छन् । उनका अनुसार रस विभिन्न स्थायीभावयुक्त हुनुपर्दछ अर्थात् विभावादिको संयोग भएको वाचिक, आङ्गिक र सात्विक अभिनयद्वारा व्यञ्जित स्थायीभाव नै रस हो भनी उल्लेख गरिएको छ (गनेन्द्र, १९७४, पृ.८०) । यसरी हेर्दा रस–सिद्धान्तको परम्परा लगभग डेढ शहस्राब्दी जति लामो रहेको भेटिन्छ ।

भरतबाट साहित्यका निम्ति महत्त्वपूर्ण सिद्धान्तका रूपमा स्थापना भएको पाइन्छ । उनले नाट्यशास्त्रको चर्चा गर्दा नाटकका निम्ति आवश्यक ठानी रससूत्रको व्याख्या गरेका छन् । उनका अनुसार विभाव, अनुभाव र सञ्चारी भावद्वारा स्थायी भाव उत्पन्न भई प्रेक्षकले आनन्दानुभूति प्राप्त गर्दछ । भरतले यसरी रस सूत्रको व्याख्या गर्नेक्रममा शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स र अद्भूत गरी आठवटा रसको चर्चा गर्दै तिनका रति, हास, शोक, क्रोध, उत्साह, भय, घृणा र विस्मय÷आश्चर्यगरी आठैवटा स्थायी भावको पनि व्याख्या भएको चर्चा गरिएको छ (वर्मा, सन्१९८५, पृ.५१८) । भामहले काव्यालङ्कार नामक पुस्तकमा अलङ्कार सिद्धान्तको स्थापना गर्दा रसको सामान्य रूपमा सङ्केत गरेको भेटिन्छ । भामहले भरतका झैं आठवटै रसको नभई एउटा शृङ्गार रसलाई मात्र समावेश गरे भएको भेटिन्छ (नगेन्द्र, सन् १९७४, पृ.१९) । भरतको जीवनपछि रसको वास्तविक व्याख्या भने आठौं शताब्दीपछि मात्र भएको पाइन्छ । भट्टलोल्लटले रस निष्पत्तिलाई महत्त्व दिँदै रसको व्याख्या गरेका छन् (उपाध्याय, २०४८, पृ.२१) । उनले विभावादिको स्थायी भावसँग संयोग भएर रस निष्पत्ति हुन्छ भनेका छन् ।

रसको चर्चाकाक्रममा भट्टलोल्लटभन्दा शङ्कुकले केही भिन्न भिन्न विचार अघिसारेका छन् । उनले चित्रतुरङ्गन्यायको उल्लेख गरी काठको घोडा देखेर वास्तविक घोडा ठान्दा घोडाको अनुमान गरिन्छ भन्दै अनुमितिवादको स्थापना गरेका छन् । जङ्गलमा धुवाँ आएको देखेर अवश्यमेव आगो छ भन्ने अनुमान गर्न सकिन्छ भन्ने सिद्धान्तलाई अघि सारिएको छ (पारेख, सन्१९७४, पृ.२३) । रस–सिद्धान्तका अर्का व्याख्याता भट्टनायकले काव्य र नाटकमा अभिधाभन्दा भिन्न खालको विभाव आदिलाई साधारणीकरण गर्ने भावकत्व व्यापार हुन्छ र यसबाट स्थायीभावको भावना विकसित हुन पुग्दछ अथवा अर्काको भावलाई आफ्नो मानेर मनमा खेलाउने अन्तःक्रिया भई रति आदि स्थायीभाव जाग्रत भएर सत्व गुणको उद्रेक हुन्छ । भट्टनायक स्थायी भावले प्रकाशानन्दमय चैतन्य रूप लिई भोजकत्व व्यापारद्वारा भोग गरिएको प्रसङ्ग उल्लेख गर्दछन् (उपाध्याय, २०४८, पृ.४५) । रस–सिद्धान्तका अर्का व्याख्याता अभिनव गुप्तले रस निष्पत्तिको अर्थ अभिव्यक्ति लगाएका छन् । उनले विभाव विभावनाले स्थायीभाव अङ्कुरित हुन पुग्दछ भनेका छन् । अनुभावको अनुभावना व्यापारले स्थायीभाव अनुभव योग्य बनाउँछ । भरतले सञ्चारीभाव अनुरञ्जन व्यापारद्वारा रस अभिव्यञ्जित हुन्छ भन्दै भट्टनायकले अघि सारेको साधारणीकरणलाई स्वीकार गरेका छन् । रसनिष्पत्ति वास्तवमा उत्पत्ति, अनुमिति र भुक्ति नभई नाटक हेर्दा वा काव्य पढ्दा विभावादि उपकरणद्वारा सुषुप्त अवस्थामा रहेको स्थायीभाव अभिव्यक्त हुन्छ भनी उल्लेख भएको छ (वर्मा, सन्२००९, पृ.५२६) । आनन्दवर्द्धनले ध्वनि–सिद्धान्तको स्थापनाका क्रममा रस ध्वनिमै अभिव्यञ्जित हुन्छ भन्ने धारणा अघि सारेका छन् । मम्मटले काव्य गुणको चर्चा गर्दै रसमै गुण रहने कुरा बताएका छन् । रसमय काव्यबाट आनन्द प्राप्त हुने कुरा गर्दै रसविहीन काव्यको कुनै अस्तित्व रहँदैन भनेको पाइन्छ (नगेन्द्र, सन्१९७४, पृ.५२) । उनले अलङ्कार, गुणयुक्त शब्दार्थ रसमा आश्रित भएमात्र काव्य उत्कृष्ट बन्दछ भन्ने धारणा राखेका छन् ।

विश्वनाथले साहित्यदर्पणमा विभाव, अनुभाव र व्यभिचारी भावद्वारा रस प्रत्युत्पन्न हुन्छ भनेका छन् । उनका अनुसार काव्य वा साहित्य रसात्मक वाक्य भएको हुनुपर्दछ । यो सहृदयका हृदयमा अवस्थित रत्यादि स्थायी भावद्वारा विकसित हुन्छ (तिवारी, सन् १९८९, ९६ । पूर्वीय काव्य परम्परामा विश्वनाथपछि केही समयसम्म काव्यसम्बन्धी गहन चिन्तन भएको पाइदैन । जगन्नाथले अभिनव गुप्त र मम्मटका रसचिन्तनलाई स्वीकार गरेको देखिन्छ । उनले सामाजिकका अन्तस्करणमा सञ्चित संस्कारगत वासनाहरू रहेका हुन्छन् र नाटक वा काव्यको आस्वादनबाट ती भावहरू बाह्य प्रकट हुनपुग्दछन् भनी उल्लेख भएको छ (वर्मा सन्

२००९, ५२७) । यसरी भरतमुनिबाट प्रारम्भ भएको रसको परम्परा जगन्नाथसम्म आएर अन्त्य भएको पाइन्छ । उनीभन्दा पछि भट्टलोल्ट, शङ्कुक, भट्टनायक, अभिनवगुप्त, मम्मट, विश्वनाथ र जगन्नाथसम्मका आचार्यहरूले कुनै नकुनै प्रकारले चर्चा गरेका छन् । विभाव, अनुभाव र व्यभिचारीभावबाट प्रेक्षक वा पाठकको अन्तस्करण आल्हादित हुन पुग्दछ । सहृदयमा संस्कारगत रूपमा रत्यादि भावहरू सुषुप्त अवस्थामा रहेका हुन्छन्, तिनलाई विभावादि उपकरणहरूले जाग्रत गराई आस्वादित तुल्याउँछन् ।

करुण रस वियोगको अवस्थाबाट सिर्जना हुन्छ । आत्मीय जन, परिवारका सदस्य आदिबाट अलग भएपछि वा मृत्यु भएको सुन्दा, देख्दा उत्पन्न हुने मनोभावनाबाट करुण रस विकसित हुन्छ । विपदमा परेको वा मृत प्रियजन अथवा विनष्ट वस्तु आलम्बन हुन्छ । तिनका गुण, रूपको सम्झना हुनुलाई उद्दीपन भनिन्छ । आराध्य देवताको स्मरण गर्नु, रुनु, कराउनु आदि अनुभाव हुन् । मुर्छा पर्नु, विवर्णता, उच्छ्वास आदि व्यभीचारी भाव हुन् र यिनै भावहरूबाट करुण रस पूर्ण हुन्छ भनी उल्लेख भएको छ (उपाध्याय, २०४८, पृ.६४) । वियोगजन्य पीडामा रहेका समाख्याताको कारुणिक मनोभावनामा आधारित गौरी खण्डकाव्यको विश्लेषण गरिएको छ ।

## नतिजा र विश्लेषण

पत्नीको निधन भएपछि समाख्याताले विरहको आँसु पोखेका छन् । काव्य आरम्भदेखि अन्त्यसम्म वियोग र विरहको प्रसङग मुख्य रूपमा प्रस्तुत भएको पाइन्छ । सुन्दर परिवारमा आएको वियोगको क्षणलाई निम्नानुसार विश्लेषण गरिएको छ–

## वैयक्तिक प्रसङ्ग

समाख्याताबाट मृत्युको प्रसङ्ग विभिन्न शीर्षकका माध्यमबाट प्रस्तुत भएको छ । भूमिकाका रूपमा के लेख्नु मैले पर्‍यो ! भन्ने शीर्षकमा जीवन अन्धकारमय बनेको उल्लेख गरिएको छ । उज्यालो धर्तीमा छाया परेर अँध्यारो भएको छ । पीडामा परेर सधैं आँखा रसाइरहेका छन् । प्रियतमाको रूप आँखामा आएर सधैँ वायाँ छाती दुख्न लागेको छ । आफ्नो संवेदित कथा प्रियतमालाई सुनाउने चाहना व्यक्त गरेसँगै काव्यको आख्यान प्रवाहित भएको छ । अब यो संसारमा आफ्नो वेदनामय काव्य सुन्न उनी आउँदिनन् भन्ने कुराले अझ पीडा थपिदिएको छ । समाख्याताले वियोगलाई यसरी प्रस्तुत गरेका छन्–

> आउन्नन् हकि, काव्य सुन्न उनकै फर्केर कैल्यै पनि ।। (घिमिरे, २०४५, पृ.१)

समाख्याता पत्नीप्रति कुनैदिन पीडा हुने काम पो गरेको थिएँ र आफूलाई यति धेरै मानसिक पीडा दिएकी हुन् कि भन्ने शङ्कामा परेका छन् । आखिर उनी जाने नै रहिछन् अब तिनको धेरै चर्चा गरे पनि केही हुँदैन भन्ने लाग्दछ । परेला भिजाएर दुःख प्रकट गर्ने संसारमा आफैंमात्र एक्लो होला भन्ने लागेको देखिन्छ । कोमल भावनामा आफ्ना सामु चेतनारहित मृत शरीरमात्र रहेको छ । गौरीको मृत्यु हुँदा समाख्याताको सर्वस्व गुमेर रोदनयुक्त हृदयमात्र बाकी रहेको छ ।

प्रस्तुत खण्डकाव्यमा समाख्याता रोदनयुक्त स्थितिमा रहेका छन् । गौरी खण्डकाव्यमा करुण रसको सशक्त प्रस्तुति रहेको छ । यसले नेपाली काव्यजगत्मा शोकको अतुलनीय काव्यका रूपमा आफूलाई अमर बनाएको छ (त्रिपाठी, २०२७, पृ.१९५) । समाख्याता आफूलाईजस्तो वियोगको वज्रपात कुनै शत्रुलाई पनि नपरोस् भन्ने चाहन्छन् । गौरी मृत्युपछि स्वर्ग गइन् वा मत्र्यलोकमै बसेकी छन् भन्ने विविध तर्क गरिए पनि बाँचेको अवस्थामात्र सत्य हो, त्यसभन्दा पर के छ भन्ने कुरा कसैलाई थाहा नहुने भएकाले कल्पनामात्र गरिन्छ । यहाँ अन्तर्मनको घाउ कोट्याउँदा गला नै अवरुद्ध भएको पीडा प्रस्तुत छ ।

असार महिना रातको अन्धकारमा रोइरहेको बादलभित्र गौरी सदाका लागि अस्ताइन् । तिनले नदीकिनारमा सास रोकेपछि गङ्गा पनि विलौना गर्दै रोइरहे झैं लाग्दछ । जीवनको यात्रामा साथी हराएको पक्षी झैं कविको अन्तरात्मा रोइरहेको छ । आफूमाथि आइलागेको अनिष्टका अवसरमा मुख लुकाई रोएर मन शान्त गर्ने चाहना व्यक्त भएको छ । जीवनमा यस्तो वियोगको क्षण नआओस् भन्ने इच्छा विपरीत भएको हुँदा संसारमा आफू एक्लो हुनपुगेको विचार प्रस्तुत छ । समाख्याता जीवित छँदा झैं चटपटाउने, बोल्ने, हाँस्ने, बाँच्ने स्थितिबाट टाढा भएकी पत्नीको वियोगमा यसरी वेदना पोख्दछन् –

> हे गौरी ! अब हेर्दिनौ हकि तिमी व्यूझी उज्यालो दिन
> मैले देख्नु पर्‍यो नि आज भुइँमा मेरी नभा'को दिन
> बाँचैरै यतिसंम, एक छिनमै के जिन्दगी सिद्धियो
> मेला आज उठ्यो विशाल उनको लेखा जगत् सिद्धियो ।। (घिमिरे, २०४५, पृ.६)

समाख्याता पत्नीको मृत्युपछि लासमा प्रयोग हुने कात्रो, टिलो, बुर्की, मुर्दा जस्ता शब्द कसरी उच्चारण गर्ने भन्ने कुराले सताएको उल्लेख गर्दछन् । पत्नीको घाटमा जीवनलीला समाप्त भएपछि आफूमाथि अन्धकार आइलागेको उल्लेख छ । पहाडका टाकुरालाई फर्किएर आउने बाटो नहेर्न आग्रह गरिएको छ । गौरी अब कहिल्यै पनि पाखापखेरामा बसेर जीवनका गीत गाउँदिनन् भन्ने निराशाले समाख्यातालाई छोपेको छ । प्रस्तुत काव्यमा संस्कृतका कवि कालिदासले मेघदूतमा मेघलाई सन्देश वाहकका रूपमा प्रयोग गरेझैं यहाँ पनि बादललाई यसरी खबर पठाइएको छ –

> बर्सिजा र पहाडमा खबर यो लैजा रुदै बादल
> घर्पेटी ! अब शान्तिलाई भनिद्यौ –आमा गइन् मावल ।। (पृ.६)

समाख्याता विगतका दुई प्रेमिका जीवनमा पीडा आइलागेको उल्लेख गर्दछन् । उमेरमा पाँच वर्षको अन्तर भएका प्रेमीहरूको जीवन सुखद रहेको थियो । मस्याङ्दी क्षेत्रबाट काठमाडौं गएर बस्दै गरेका प्रेमीहरूको रमाइलो संसारमा बादलले छोप्दछ । केही दुःख आइलागे पनि दाम्पत्य जीवन आनन्दयुक्त नै रहेको सम्झँदै कवि विगतका जीवनकथा उल्लेख गर्दछन् । आफ्नो रमाइलो संसार एकाएक अन्धकारमय बनेको प्रसङ्ग यहाँ प्रस्तुत छ –

> सारा विष्णुमती पुगेर अडिए क्यै बेर आँसु पिई
> बाबाको बुइमा चढेर दुइकी बच्ची उज्याली थिई
> आँसूदार मुहार हेर्न नसकी प्यारा रुँदै फर्किए
> टुक्री बादल चैतको पवनले दोटै दिशा बर्सिए ।। (पृ.८)

समाख्याता पूर्वघटित अश्रुपुरित वियोगको दुःखद कथा वर्णन गर्दै त्यस्तो जीवन पुनः प्राप्त हुँदैन भन्ने ठान्दछन् । यहाँ नदीकिनारमा निर्मित चिताग्निमा पत्नी जलेको कारुणिक अवस्थाको वर्णन छ । चिताको ज्वाला गगनमा विलीन भयो भने मृत शरीर जलमा मिल्न पुग्यो तर पतिको सन्तप्तहृदय हुँदै आँखाबाट बगेको आँसु नपखालिने अवस्थामा रहेको छ । बिर्सनै नसकिने दुःखद घटनायुक्त कथा यहाँ प्रस्तुत छ ।

गौरी माइतीघर छाडेर आफ्नो घरको स्याहार, सम्भार गर्दै अभिभावकलाई पनि बिर्सिएर आफूलाई स्नेह गरेको स्मरण हुँदा समाख्यातालाई सताउने गर्दछ । दुईवटी छोरीलाई जन्म दिएर आफूबाट अलग भएकी प्रियतमाको स्मरण भइरहेका अवस्थामा बोल्नै नसकिने पीडा भएको कुरा यसरी व्यक्त भएको छ –

> मैले सोधिन, अन्त्यकाल कुनमा धोको अडेको थियो
> मैले रोइन प्राण जान कतिको बाधा परेको थियो
> हेरें टुल्टुल खालि, दीन मुखमा हेरिरहेकी थियौ

हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ ।। (पृ.१०)

पत्नीले मृत्युवरण गर्दै गर्दाको पीडादायी अवस्थाको वर्णन काव्यमा रहेको छ । आँखा रसिला भए पनि आँसु झर्न नसकेको, केही बोल्दा वाक्य ननिस्किएर पतिकै ध्यान गरेजस्तो लाग्दछ । सहज अवस्थामा मृत्युको प्रसङ्ग चल्दा आफू पहिला मृत्युलाई अँगाल्ने कुरा गर्ने उनी सच्चा हृदय भएकी भाग्यशाली रहिछन् भन्ने लागेको छ । कुनै छलप्रपञ्चरहित कोमल हृदय भएकी उनी सदाका लागि आफूबाट अलग भएको कुराले समाख्याताको हृदय जलेको छ । तिनको रूपसौन्दर्य अब विस्तारै स्मृतिपटलबाट धमिलिदै गएर कुनै दिन विस्मृतिमा पुग्ने छ । समाख्याताले अरूका सम्झनाबाट ओझेल परे पनि आफू गौरीलाई कहिल्यै बिर्सन नसक्ने अवस्थामा पुगेको रोदन मिश्रित भावना व्यक्त गरेका छन् । गौरी खण्डकाव्य विधुरहरूको हृदयमा चोट लगाउन सफल बनेको छ । पत्नी वियोगको हृदयविदारक दृश्य यहाँका प्रत्येक कविताका हरफहरूमा प्रस्तुत भएको छ । पत्नीको वियोगले कविको अन्तर्मनलाई व्यथित तुल्याइदिएको छ (जोशी, २०५०, पृ.४३) । गौरीको दाहसंस्कार समाप्त भएपछि विगतको रङ्गीन जीवनचित्र डुबेर धर्ती नै अन्धकारमय बनेको हुँदा अब कहिल्यै अँध्यारो नहुने संसारतर्फ लागेको भावना व्यक्त भएको छ । पत्नी विहीन घर उज्यालो नभएर छायामा परेको छ । एक्लो जीवनमा साथी बनेर आएकी गौरीको मृत्युबाट व्यथित बनेका समाख्याता भन्छन्–

कल्लाई सँगमा लिएर अब यो सारा गृहस्थी गरूँ
छातीका प्रतिमा लिएर उनकै बाँचूँ कि यद्वा मरूँ ।। (घिमिरे, २०४५, पृ.१४)

यसरी समाख्याताले काव्यमा आफ्नो वैयक्तिका पीडा प्रस्तुत गरेका छन् ।

## पारिवारिक प्रसङ्ग

समाख्याता जीवनमा आइपरेको यो दुःखमा कसरी घर, गृहस्थी सञ्चालन गर्ने भनी चिन्ता व्यक्त गरेका छन् । यसमा दाम्पत्य जीवनका सुख, दुःख, हर्ष, विस्मात र एकआपसका प्रणयी भावनाका समग्र चित्रहरू समेटिएका छन् । समाख्याताले पत्नीको देहावसानबाट टुहुरा बनेका छोरीहरू र आफ्नो अवस्थालाई विरहको आँसुमा प्रस्तुत गरेका छन् (रिसाल, २०४५, पृ.२७४) । अब आफूलाई कसले हेरचाह गर्ला ? एउटी ममतामयी आमा, कुशल बुहारी, दयालु पत्नीका रूपमा रहेकी गौरीले सबैलाई अन्धकारमा पारेर गएको पीडा यसरी व्यक्त भएको छ–

छन् छोरी टुहुरी, बने विधुर हा ! – आमा र रानी गयौ
छन् दुःखी परिवार आज दुइटै – छोरी बुहारी गयौ
छोटो जीवनमा यहाँ कति महान् छोडेर माया गयौ
संसारै छ नि शून्य ! चार दिनकी हे रामछाया ! गयौ ।। (घिमिरे, २०४५, पृ.१५)

समाख्याता सहारा विहीन भएका हुँदा आफ्ना कुरा कसले सुन्ला, स्नेहको न्यानो कसले देला भन्ने चिन्तामा परेका छन् । आफूबाट अलग भएकी गौरीले प्रयोग गरेका सामान देख्दा हृदयमा सधैं रहेकी छ्यौ भन्दै उनले विलौना गरेका छन् । कामकाजमा गएका यात्री, चर्न गएका पशुपक्षीहरू आ–आफ्नो आफन्त र वासस्थान सम्झिएर फर्कन्छन् तर तिमी कुन अन्धकारतर्फ गएर सबैलाई एक्लो बनायौ भन्दै कवि विरह गाउँछन् । काव्यमा आफ्नो घर, कोठा सबै शून्य पारेर गएकी गौरीको स्मरण गरिएको छ–

हिँड्दै छौ कि बस्यौ कतै मुलुक त्यो कस्तो छ यस्तै छ कि
त्यो छायामय लोकबाट कहिल्यै यो लोक देखिन्छ कि
छन् तिम्रा मुखमा अझै विफरका बुट्टा कि कस्ती भयौ
स्वप्नामा जुन आउँछ्यौ भन त्यही सम्भूm कि भिन्नै भयौ ।। (पृ.१७)

गौरीका मनमा अहिले के लाग्दो हो, कतै आफ्ना छोरीहरूको सम्झना गर्दै हौली तर यो लोकमा अब कसले फर्काउला भन्दै घरमा आफ्नो मर्नु नबाँच्नुको अवस्थाले सताएको धारणा प्रस्तुत गरिएको छ । तिनी सुखमा छन् कि दुःखमा परिन् भन्ने कुराले समाख्यातालाई दुःखित बनाएको छ । तिलाई पत्नी वियोगमा परेपछि आजसम्म केही गर्न नसकेको हुँदा अब पनि के गर्न सक्छु र भन्ने आत्मग्लानी भएको छ । उमेर छँदै गौरीको निधन भएको हुँदा मनका भावनाहरू मनमै रहेका छन् । आफूले चिन्न नै नसकेर वियोगमा भएपछि प्रेमअझ गहन बन्दै गएको छ । यहाँ समाख्याताले प्रियतमालाई मत्र्यलोकमा एकपटक आई रमाइलो हेरेर छोरीहरूमा ममताको अमृत वर्षा गर्नु भनी आग्रह गरेका छन् । उनी गाउँघर आफन्तमाझ गौरीका गीत गाएर विछोडका कथा सुनाउने विचार व्यक्त गर्दछन् । समाख्याता पछि कुनै दिन छोरीहरूलाई छाडेर विछोडका आँसु लिई भेट्न आउने बाचा गर्दछन् ।

भेट कहिल्यै नहुने कुराले समाख्यातालाई सताएको देखिन्छ । सुन्दर पारिवारिक जीवनमा कसले संयोग र वियोग गरायो । जीवनमा जति नै नयाँपन आए पनि पहिलाको सुन्दर क्षण कदापि आउन सक्दैन । पतिपत्नी दुवैमा हर्ष, शोक, ममता, आनन्दजस्ता भावना छोरीहरूमा समान थिए । त्यो समान अवस्थाबाट अलग भएर एक्लो भएर बाँच्नुपर्दाको पीडा सहनै नसकिने भएको उल्लेख गर्दछन् । दाम्पत्य जीवनमा हाँसो, साथ–सहयोग, रिसराग, ममता र माधुर्यजस्ता जीवनका सम्पूर्ण आकाङ्क्षाहरू समाप्त भएका छन् । यो स्वप्नील संसारमा सत्य कदापि प्राप्त नहुने कुराले दुःखित गराएको छ । समाख्याता मृत्युमात्रै एउटा पूर्ण सत्य भएकाले त्यसमा परिवर्तन हुँदैन भन्ने ठान्दछन् –

मर्ने मानिस फर्किदैन कहिल्यै भेटिन्न भेटिन्न रे
पर्दा लाग्दछ जो महामरणको उल्टिन्न उल्टिन्न रे
यो कस्तो कुन निष्ठुरी नियम हो, के हुन्छ फेरे पनि
हाम्रो भेट हुँदैन हो कि सँगिनी धिक्कार कैल्यै पनि ।। (पृ.२०)

समाख्याता यहाँ गौरीका सौन्दर्य, मुदुता, यौवन, माया सबै समाप्त भएको हुँदा अब त्यो अवस्था प्राप्त हुँदैन भन्ने ठान्दछन् । उनी छोरीले आमा कता गइन्, कहाँ छन् भनेर सोद्धा आफूसँग तिनलाई दिने उत्तर नभएको अवस्थामा जीवनलाई धिक्कार्दछन् । यो संसारबाट बिदा भएकी हुँदा अब गौरी कहिल्यै पनि आफ्ना सामु उपस्थित हुन सक्दिनन् । आफूहरू पहिला साथमा रहेको घटना कसैले पनि वास्ता गर्दैन भन्ने कुराले समाख्यातालाई आघात पुर्‍याएको छ । आनन्दवद्र्धनका अनुसार करुण रसमा अन्तश्चेतनालाई द्रवित तुल्याउने सर्वाधिक क्षमता हुन्छ । यसले अन्य रसका तुलनामा सहृदयको चित्त पगाल्ने गर्दछ भनी उल्लेख भएको छ (तिवारी, सन्१९८९, पृ.२३३) । समाख्याताले पत्नी वियोगमा बगेका आँसु विस्तारै रोकिदै गएको र अन्तर्हृदयको घाउ क्रमशः ठिक हुँदै गएको उल्लेख गरेका छन् । मनलाई सम्झाएर शान्त पार्न खोज्दा भित्रैदेखि दुःखेर आउने गर्दछ । आफन्त, नाता, इष्टमित्रले सम्झाएर केही पनि हुँदैन, जे हुनुथियो भइसकेपछि मनमा सधैँ पीडा भइरहन्छ । समाख्यातालाई अझै विलौना गर्दै एकान्तमा बसेर रुने चाहना रहेको छ । गौरीको छाया सल्बलाएको कोठामा बसेर प्रणयभण्डारमा हराउने चाहना रहेको देखिन्छ । वियोगमा परेका समाख्याता कल्पना गर्दै तिनको शरीर दाह नगरेको भए आत्मा घुम्दै आइपुग्थ्यो कि भन्ने असामान्य अवस्था सिर्जना भएको यहाँ वर्णन गर्दछन् –

एकान्त स्थलमा बसीकन सखीलाई म बोलाउँछु
आत्मा बस्दछ कता–कतातिर गई पत्ता म त्यो लाउँछु
फर्काइकन ल्याउनेछु म उनीलाई यहाँ क्वै दिन
फर्किन्थिन् कि उनी, शरीर उनको मैले जलाएँ किन ! (घिमिरे, २०४५, पृ.२२)

जीवनको छोटो यात्रामा भएको भेटबाट प्रेम झाँगिएको हुँदा त्यसलाई फाल्नै नसकिने भएको छ । विगतलाई बिर्सन चाहे पनि नसकिने अवस्थाले

सताएको छ । मनमा बिझेको कहिले समाप्त होला भन्ने कुराले सताएको छ । संसारबाट बिदा भएर जानेलाई सुख होला तर मत्र्यलोकमा बस्नेलाई धेरै पीडा भएको धारणा व्यक्त गर्दछन् । स्मरणलाई रोक्ने औषधी भए आँसुमा भिजाएर पान गरी हाँसेर बाँच्न पाइन्थ्यो कि भन्ने कल्पना प्रस्तुत छ । मानिसहरू आँसु लुकाएर हाँस्दछन् तर सुखको आशा गर्दागर्दै जीवनयात्रा समाप्त भइदिन्छ । आखिर एकदिन मर्नैपर्दछ भने यहाँ बाँचेर के हुन्छ भन्दै निराशा प्रकट गरिएको छ । समाख्याताले वियोगमा आफू रोएको र पछि आफू नहुँदा आफ्ना रोलान्, पृथ्वी समाप्तिपछि ताराहरू रोलान् भन्दै नाश हुने कार्यलाई नै सिर्जना भन्ने संसारमा रोएर केही नहुने रहेछ भनी मनलाई शान्त तुल्याउन खोजेको देखिन्छ । जीवन क्षणिक झिल्कामात्र भएको हुँदा अल्पिनु नै सृष्टिको वास्तविकता भएकाले यहाँ कसैले पनि रुनु नपरोस् भन्ने कामना गरिएको छ ।

प्रस्तुत खण्डकाव्यमा गौरीको लाउने–खाने उमेरमै निधन भएको कुराले कविलाई पीडा भएको छ । परदेशबाट फर्किएर घरमा आई आफ्ना छोरीहरू आफन्तलाई देखाउने छिन् भन्ने कुरा पूरा हुन सकेन । मनमा अनेक चाहना भएर नै गौरीले रकम जम्मा गरेको थियो होला अब त्यसलाई तिनकै नाममा खर्च गरिदिने उल्लेख गर्दछन् । यहाँ समाख्याताले पत्नीको स्वभाव र व्यवहारको वर्णन गर्दै आफूलाई छाडेर गएकी हुँदा हृदय व्यथित बनेको छ । आफन्तलाई मात्र नभएर सबै जनलाई रुवाएर गएको प्रसङ्ग यहाँ प्रस्तुत छ–

लक्ष्मी भै धनधान्य पूर्ण घरमा बस्नै तिमी पाइनौ
हुर्काइकन लालबाल सुखले जानै तिमी पाइनौ
लाउँ लाउँ र खाउँ खाउँ वयमै आफू कसोरी गयौ
बन्दैमा कति हाइ हाइ सबकी सारा रुलाई गयौ ।। (पृ.२५)

मानिसहरू धेरै पाइएलान् तर त्यो रूप, सौन्दर्य र मायालु व्यवहार अब कहाँ पाइएला । राम्रा सुगन्धित फूल झरेझैं प्रकृतिको सुन्दर सिर्जना समाप्त भयो । मान्छे सुख खोज्दा दुःखमा पर्ने, हाँस्न खोज्दा रुँदै मर्नुपर्ने बाध्यतामा परेको छ । सुन्दर मधुमास पनि सिमलको भुवाझैं उडेर जाने यो संसारमा तिमीलाई कसले कहाँ लग्यो भन्दै विलौना गरिएको छ । प्रकृतिले मत्र्यलोकमा जति शृङ्गार भरे पनि सिद्धिएझैं समाप्त हुने जीवन अजरामर नहुने रहेछ । प्रियतमाका लागि अब कुनै शृङ्गारको आवश्यकता छैन । उनलाई यहाँ प्रकृतिले दिएका कुनै सौन्दर्यको खाँचो छैन । स्वर्ग गइसकेकी हुँदा आफ्नो जीवन अपूर्ण र अन्धकारमय बनेको वेदनायुक्त भाव प्रस्तुत छ ।

प्रस्तुत काव्यमा समाख्यातालाई असार महिना सम्झनासाथ पीडा बोध हुने गरेको छ । निष्ठुर बनेको असार मासको आगमन भएसँगै रुँदै गौरी धर्तीबाट बिदा भएर बाटो लाग्दा कतै बाढीपहिरोले दुःख दियोहोला भन्दै प्राकृतिक विपत्ति उल्लेख भएको छ । यस्तो विपद अवस्थामा उनी कहाँ र कसरी बसेकी होलिन् भनी इन्द्रेनीलाई गई हालखबर सोधेर आउन आग्रह गरिएको छ । असार महिनामा झ्याउँकिरीले मानिसलाई रुवाइरहेको छ । समाख्याता गौरी पनि यो अन्धकारमा शृङ्गार पखालिने गरी रुँदै होलिन् भन्ने ठान्दछन् । असारको विरहयुक्त समयमा वियोगमा परेर आफू रोइरहेको प्रसङ्ग यहाँ प्रस्तुत छ–

डुब्छिन् सुन्दर इन्द्रिनी पनि जहाँ पानी परी लेकमा
सल्लाको वन यो सुसाउँछ त्यहाँ एक्लै बसी शोकमा
संझी रुन्छु म जो हिजो भरखरै माया बसेका दिन
हामी छौं त्यति नै अनित्य, जति नै राम्रो छ यो जीवन ।। (पृ.२९)

पत्नी वियोगमा परेका समाख्याता मृत्युलाई पनि जितेर आउनू भनी इन्द्रेनी, बादल आदिद्वारा गौरीलाई खबर पठाउँछन् । वसन्तको फुल झरेर असारको महिना आफूमात्र नभई अरूलाई पनि रुवाउने गर्दछ । गौरीले जस्तै छोरीहरूलाई मायाममता दिन सबैसँग आग्रह गरिएको छ । आमालाई अबोध बालिकाहरूबाट छुटाएर लैजान सक्ने यस्तो अवस्था कसैलाई पनि नआओस् भनी समाख्याता प्रकृतिसँग अनुरोध गर्दछन् । मातृवियोगमा परेका छोरीहरूको अवस्था देखेर उनी दुःखलागेको कुरा यसरी व्यक्त गर्दछन् –

सुत्छे आज रुँदारुँदै हृदयमै थाकेर औंलो चुसी
मेरो झस्किरहेछ हेर, मुटुको टुक्रा ! भुईंमा खसी ।। (पृ.३१)

छोरीहरू हाँसेको, खेलेको देख्दा विगतको झलक आउने गर्दछ । गौरीले तिनीहरूलाई मातृस्नेह दिएको, बोलेको स्मरण गर्दै समाख्यातालाई मानसिक पीडा भएको विचार यहाँ प्रस्तुत छ–

यी रोए पनि दुःख लाग्छ– यिनले संझे कि आमा भनी
यी हाँसे पनि सुख्ख छैन –यिनले बिर्से नि आमा भनी
को हेर्ला अब हर्षसाथ –यिनले हुर्केर खेले पनि
फाटी मर्नु छ, पीर लाग्छ– यिनले फुर्की नखेले पनि ।। (पृ.३२)

छोरीहरूले आमाको अभाव पूरा गर्न खोजे पनि सम्भव हुँदैन । समाख्याता छोरीहरूको अनुहार गौरीको जस्तै लागेर तिनलाई हेर्दै मन शान्त गराउन विवश भएको उल्लेख गर्दछन् । उनको अभावमा कान्तिलाई हेरेर पूरा गर्ने प्रयासमा लागेको कुरा व्यक्त भएको छ । प्रातकालमा घुम्ने पुतली, पक्षीका रूपमा आएर भए पनि छोरीहरूलाई हेर्ने गर्दछिन् भन्दै समाख्याताले मनको पीडा व्यक्त गरेका छन् । यसरी प्रस्तुत भएको गौरी खण्डकाव्यका प्रत्येक कवितामा करुण रसको प्रवाह भेटिन्छ । पत्नी वियोगमा परेका समाख्याताले विरह व्यक्त गर्ने क्रममा पाठकको मनलाई समेत शोकाद्र्र तुल्याएका छन् ।

## निष्कर्ष

प्रस्तुत खण्डकाव्यको रससिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यो शोककाव्य परम्परामै नौलो कृतिका रूपमा देखापरेको छ । यहाँ समाख्याता पत्नी वियोगको पीडाबाट शोकाकुल बनेका छन् । यसमा एघारवटा विभिन्न शीर्षकका कविताहरू शृङ्खलाबद्ध बनेर रहेका छन् । काव्यको भूमिका पनि पद्यमै के लेख्नु मैलेपर्‍यो ! शीर्षकका माध्यमबाट विछोडको भावना प्रस्तुत भएको छ । प्रस्तुत काव्यको आरम्भदेखि अन्त्यसम्म करुण रसको प्रयोग भएको पाइन्छ । कसैलाई दुःख परेको घटना सुनेर, देखेर वा भोगेर दर्शक वा भावकको अन्त्मन व्यथित हुन्छ । यहाँ समाख्याताले पत्नी वियोगमा पर्दा भोगेको पीडा कविताका माध्यमद्वारा व्यक्त भएको छ । काव्यमा निराशाका विशृङ्खलित विचार प्रस्तुत भएको धारणा उल्लेख छ । समाख्याताका मनमा उत्पन्न पीडामिश्रित भावना व्यक्त भएको पाइन्छ । असारमासको प्रकृति रोइरहेका अवस्थामा उनका जीवनमाथि वज्र प्रहार भएको उल्लेख छ । इष्टमित्रहरूले आफूलाई सान्त्वना दिए पनि एकान्तमा बसेर रुन मन लागेको छ । मृत्युपछि विगतमा झैं पत्नी बोल्दै, घरधन्दा सम्हाल्दै छोरीहरूको हेरचाह गर्दै छिन् कि ! भन्ने झझल्को लागेर अन्तर्मन व्यथित बनेको देखिन्छ । छोरीहरूले आमाको खोजी गर्दा अथवा हाँस्दा जे गरे पनि समाख्यातालाई पीडा हुने गरेको छ । मृत्युदेखि नै सुरु भएको विरहको गायन घटना विर्सदै गएसम्मका प्रसङ्गहरू काव्यभित्र शोकग्रस्त बनेर प्रस्तुत भएका छन् । गौरी खण्डकाव्यभित्र समाख्याताको भावना शोकाकूल बनेर प्रस्तुत भएको हुँदा करुण रस परिपाकमा पुगेको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची

आप्टे, वामन शिवराम. (सन् २००७). संस्कृत हिन्दीकोश.,पुनर्मु. मोतीलाल वनारसीदास ।

उपाध्याय, केशवप्रसाद. (२०४८). पूर्वीय साहित्यसिद्धान्त साझा प्रकाशन ।

उपाध्याय, बलदेव. (सन् १९८७). संस्कृत साहित्य का इतिहास, पुनर्मु. शारदा निकेतन ।

घिमिरे, माधवप्रसाद. (२०४५). गौरी नवौं सं. साझा प्रकाशन ।

चौधरी, सत्यदेव. (सन् १९९०). भारतीय काव्यशास्त्र, अलङ्कार प्रकाशन ।

जोशी, रत्नध्वज. (२०४..). आधुनिक नेपाली साहित्यको झलक. साझा प्रकाशन ।

तिवारी, रामाशङ्कर.(सन्१९८९). रसचिन्तन परम्परा और परिप्रेक्ष. भारतीय विद्यासंस्थान ।

नगेन्द्र, (सन् १९७४).रस–सिद्धान्त. तृ.सं. नेसनल पब्लिसिङ् हाउस ।

पारेख, नागीनादास. (सन् १९७४). अभिनव का रस विवेचन. विश्वविद्यालय प्रकाशन ।

पोखरेल, बालकृष्ण. (२०४०).नेपाली बृहत् शब्दकोशः नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

भरतको नाट्यशास्त्र. (२०७७).दोस्रो सं. संपा. गोविन्दप्रसाद भट्टराई. नेपाल प्रज्ञा–प्रतिष्ठान ।

रिसाल, राममणि. (२०४५).नेपाली काव्य र कवि.: साझा प्रकाशन ।

वर्मा, धीरेन्द्र र अन्य (सन्२००९).हिन्दी साहित्यकोश. संपा.तृ.सं. ज्ञानमण्डल लिमिटेड ।

शर्मा, सोमनाथ. (२०५८).साहित्य प्रदीप. विद्यार्थी पुस्तक प्रकाशन ।